केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**पत्र संख्याः** बैं.वि.नि.वि./नीति/परिपत्र/१८/०६३/६४ **मितिः** २०६३।९।१०

ईजाजतपत्रप्राप्त सबै बैंक तथा वित्तीय संस्थाहरु

महाशय,

बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिई ऋण नतिर्ने ऋणीहरु मध्ये आ.व. ०६३/६४ को बजेट वक्तव्य मार्फत ऋणको पुर्नतालिकीकरण गर्न तोकिएको २०६३ भाद्र मसान्तभित्र पुर्नतालिकीकरण गरेका, पुर्नतालिकीकरणको लागि कारवाही भई रहेका ऋणी र बैंकको संयुक्त प्रयासमा शुरु भएको तर सम्पन्न भई नसकेका बाहेक सम्बन्धित बैंकले ऋण चुक्ता गर्ने गराउने सम्बन्धमा ऋणीलाई पटक पटक अवसर दिंदा पनि वेवास्ता गरी बसेका र सम्बन्धित बैंकले कारवाही अगाडी बढाउन उपयुक्त ठहऱ्याएका ऋणीहरुलाई देहाय बमोजिमको प्रक्रिया बमोजिम कारवाही अगाडी बढाउने वारे नेपाल सरकार (मं.प.) को मिति २०६३।८।२९ को निर्णय अनुसार आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यस बैंक समक्ष लेखि आएको हुँदा देहाय बमोजिमका कारवाही सम्बन्धी व्यवस्थाहरु कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध गर्दछु।

१. साँवा ऋण रुं पाँच करोड भन्दा बढी लिएकाहरु मध्येबाट सबैभन्दा बढी ऋण लिने ऋणीहरुलाई प्राथमिकताको आधारमा सम्बन्धित बैंकले क्रमशः कारवाही अगाडी बढाउने। सम्बन्धित बैंकले प्रचलित व्यवस्था अनुसार गर्न सकिने कारवाही आफै गरी सो को जानकारी यस बैंकलाई गराउने अन्यथा गर्नु पर्ने कारवाहीका लागि सिफारिश साथ यस बैंकलाई अनुरोध गर्ने।

२. यस अनुसार कारवाहीमा परेका ऋणीले ऋण भुक्तानी वा पूर्नसंरचना/पुर्नतालिकीकरण गरेमा सम्बन्धित बैंकले सम्बन्धित ऋणीलाई साविकमा गरेका कारवाही फिर्ता गर्न तुरुन्त पहल गर्ने।

३. बैंक तथा वित्तीय संस्थाहरुबाट त्यस्ता ऋणीहरुको नाममा जारी गरिएको डेविट कार्ड, क्रेडिट कार्ड जस्ता सुविधाहरु तत्काल रोक्का राख्ने व्यवस्था गर्ने।

४. सम्बन्धित बैंकले ऋणको प्रकृति, उपभोगको अवस्था, उठतीको संभावना, ऋणीले ऋण भुक्तानी गर्न देखाएको व्यवहार तथा नियत आदि पक्षहरुलाई मध्यनजरमा राखी बुँदा (१) को परिधि भित्र रही नियतवस ऋण नतिर्ने कालोसूचीमा परेका ऋणीहरु र त्यस्ता ऋणीहरुलाई जमानत दिने व्यक्ति, फर्म वा कम्पनी वा संस्थालाई देहाय मध्येको एक वा सो भन्दा बढी कारवाही गर्न यस बैंकलाई अनुरोध गर्ने।

(क) नियतवश ऋण नतिर्ने ऋणीहरुको राहदानी जफत गर्ने र नयाँ जारी गर्न रोक लगाउने प्रयोजनका लागि यस सम्बन्धी सूचना परराष्ट्र मन्त्रालय, गृह मन्त्रालयलाई आवश्यक कारवाहीको लागि जानकारी गराउन र सार्वजनिकरुपमा समेत सूचना प्रकाशित गर्न।

(ख) नियतवस ऋण नतिर्ने ऋणीहरुलाई सरकारी वा संगठित सार्वजनिक निकायमा विज्ञ/परामर्शदाता लगायत सार्वजनिक जिम्मेवारीका ओहदा तथा राजनीतिक नियुक्तिका पदहरुमा नियुक्त नगर्ने र नियुक्त भई कार्यरत रहेका छन् भने पदबाट तत्काल अवकाश दिन।

क्रमशः

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(ग) मान, पदवी, सम्मान वा राज्यबाट दिइने कुनै पनि किसिमको सुविधा वा सहुलियत प्रदान नगर्न ।

(घ) कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा हुने कुनै पनि कम्पनीको संचालक हुन रोक लगाउन ।

(ङ) नयाँ उद्योग, फर्म वा कम्पनी दर्ता गर्न, सरकारी ठेक्कापट्टामा भाग लिन वा बैंकले स्वीकृति दिएको अवस्थामा ऋणतिर्ने प्रयोजनका लागि बाहेक त्यस्ता ऋणीको स्वामित्वमा रहेको कुनै पनि चल/अचल सम्पत्ति रोक्का राख्ने र यसको लागि सम्बन्धित निकाय (मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, नगरपालिका/ उपमहानगरपालिका/महानगरपालिका) लाई निर्देशन जारी गर्ने व्यवस्था गर्न ।

(च) सरकारी सुरक्षणपत्रहरुमा भएको लगानी जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने ।

भवदीय,

(सुरेन्द्र मान प्रधान)
कार्यकारी निर्देशक

बोधार्थ:
श्री नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
श्री नेपाल बैंकर्श संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार विजनेस कम्प्लेक्स, काठमाण्डौ ।
श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, ववरमहल, काठमाण्डौ ।